# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## परशुराम गाउँपालिका

## डडेल्धुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा ,दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३७२

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
परशुराम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले **परशुराम नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रू. ३ करोड ९३ लाख ४४ हजार बेरुजु देखिएको छ। सोमध्ये मिती २०७९।१।१० मा प्राप्त प्रतिक्रिया बाट रु ३ करोड २६ लाख ९३ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु. ४ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.४७ लाख ९७ हजार र पेश्की रु १४ लाख बाँकी बेरुजु रहेको छ ।** पालिकाको गत वर्षसम्म रु.६ करोड ४४ लाख ४५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ६ करोड ४३ लाख २२ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## परशुराम , नगरपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३४ | ४९ | ३९३४४ | ० | ३८ | ३२६९३ | ७२ | ११ | ६६५१ | ४५४ | ४७९७ | ० | ० | ० | ४७९७ | १४०० |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६४४४५ | ० | ६७७४ | ५७६७१ | ० | ६६५१ | ६४३२२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : परशुराम नगरपालिका, डडेलधुरा , परशुराम नगरपालिका , डँडेलधुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | तारानाथ पनेरु | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | धन बहादुर साउद | २०७७-४-१ | २०७९-२-१० |
| | | **बेरुजु रकम** | ६,६५१,२४१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १,८७,४७,२७७.३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५६,३९,९९,३५५ | चालु खर्च | ३४,९९,९१,७९५.६६ |
| प्रदेश सरकारबाट अनुदान | २,८८,१२,००० | पूँजीगत खर्च | ३०,९१,१२,२१८.९६ |
| राजश्व बाँडफाँट | ९,३९,६६,८२६.०१ | वित्तीय/अन्य व्यवस्था | १३,७८,९३,५२६ |
| आन्तरिक आय | २,०५,९१,२३८.६९ | | |
| अन्य आय | ११,३५,०८,८११.४२ | | |
| कुल आय | ८२,०८,७८,२३१.१२ | कुल खर्च | ७९,६९,९७,५४०.६२ |
| बाँकी मौज्दात | | ४,२६,२७,९६७.७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **वित्तीय विवरण**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस परशुराम नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु परशुराम नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६३ सभा सदस्य, ४१४.१६३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९ हजार ६०४ जनसंख्या रहेको छ । लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।०६।२४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्नअनुसार छन् वित्तीय विवरण– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छन् : • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु 120198 ले फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **जिम्मेवारी फरक परेको**<br>जिम्मेवारी फरक परेको–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु 289७१९०१.३२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १८७47२७७.30 जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. 10224624.02 घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू १०२२४६२४·०२ मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **बैक हिसाब मिलान नगरेको**<br>बैक हिसाब मिलान नगरेको– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | स्थानीय सञ्चित कोष खाता | २८९७१९०१।३२ | २८९७१९०१।३२ | ० |
| २ | धरौटी खाता | १३२०७३५९।९० | १३२६८६०९।९० | ६१२५० |
| ३ | कोभिड कोष खाता | ११३४७४ | १६३५७५ | ५०१०१ |
| ४ | कर्मचारी कल्याण कोष खाता | ९४७०५५।११ | ९४७०५५।११ | ० |
| ५ | अन्य खाताहरु विविध खर्च खाता | ३३५२३२।५० | ३४४०७९।५० | ८८४७ |
| | **जम्मा** | **43575022.83** | **43695220.83** | **120198.00** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७ वटा ऐन, २ वटा नियमावली, २७ वटा कार्यविधि लगायत ७७ वटा कानुन निर्माण गरी कार्यान्यिन मा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्थादर्ताऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेकोपाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्याविधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ६ | | | **कानून र सञ्चालन स्थिति– स्थानीय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १० २अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रहीनियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४१ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ७ वटा ऐन, २ वटा नियमावली, २७ वटा कार्यविधि लगायत ७७ वटा कानुन निर्माण गरी कार्यान्यिन मा ल्याएको छ । साथै नगरपालिकाले १३ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **कार्य संचालन कार्यविधि**<br>कार्य संचालन कार्यविधिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नुपर्दछ ।<br>**क्र स** — **कार्यक्रमको नाम**<br>१ — घर घरमा मेयर कार्यक्रम<br>२ — महिला सँग उपमेयर कार्यक्रम | |
| ८ | | | **न्यायिक समिति**<br>न्यायिक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो बर्ष थपभएको ५२ गरी कूल ६२ विवाद दर्ता भएकोमा ४७ वटा मात्र फछ्र्यौट भई १५ बाँकी देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **योजना र कार्यान्वयन**<br>योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागिता मूलक, उत्पादन मूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना-साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | 128 | |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | 129 | |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | 90 | |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | 47 | |
| ५ | ५० लाख भन्दा माथीका | 73 | |
| | **जम्मा** | **467** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिका बाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्था छ।यस स्थानीय तहमा उपाध्यक्ष।प्रमुख श्री ले २०७७।०३।०९ गते रु. ७७ करोड ९६ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१६ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।०४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1. | पुँजिगत खर्च | ३०,९१,१२,२१८.९६ | १,७९,५७,५६२ | ४,१७,१०,७८३.८९ | 24,94,43,873.07 | १६,७२,७०,७१२.४८ |
| | **कूल खर्च:** | **३०,९१,१२,२१८.९६** | **१,७९,५७,५६२** | **४,१७,१०,७८३.८९** | **24,94,43,873.07** | **१६,७२,७०,७१२.४८** |
| | **खर्च प्रतिशत** | **८१.०१** | **5.81** | **13.49** | **80.70** | **54.11** |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार अन्तरसरकारी अख्तियारी बाहेक पुँजिगत तर्फ रु ३०,९१,१२,२१८.९६ खर्च भएकोमा प्रथम चौमासिकमा रु. १,७९,५७,५६२ अर्थात 5.81 प्रतिशत, दोश्रो चौमासिकमा रु. ४,१७,१०,७८३.८९ अर्थात 13.49 प्रतिशत र तेश्रो चौमासिकमा रु. 24,94,43,873.07 अर्थात 80.70 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १६,७२,७०,७१२.४८ अर्थात 54.11 प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **क्षेत्रगत बजेट र खर्च**<br>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 80896922.42 | 58675988 | 8.9 |
| पूर्वाधार विकास क्षेत्र | 140052873.23 | 99831388.39 | 15.15 |
| सामाजिक क्षेत्र | 399946984.93 | 363934584.04 | 55.22 |
| वातावरण तथा विपद् व्यवस्थापन | | | 0 |
| संस्थागत विकास र सेवा प्रवाह | | | 0 |
| वित्तीय व्यवस्थापन र सुशासन | 82751478.13 | 68099823.37 | 10.33 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 75979176.49 | 68562230.82 | 10.40 |
| **जम्मा** | **779627435.20** | **659104014.62** | |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्चमध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा 55.22 प्रतिशत र सबै भन्दा घटी आर्थिक विकास क्षेत्रमा 8.9 प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **खर्च बिश्लेषण–**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. २,०५,९१,२३८।६९ राजस्व बाँडफाँड र अनुदानबाट रू. ६९,०१,३६,२८५।३ समेत रू. ७१,०७,२७,५२३।९९ आम्दानी भएकोमा चालु तर्फ रू. ४४,९९,९१,७९५।६६ र पूँजिगत तर्फ रू. ३०,९१,१२,२१८।९६ समेत रू. ६५,९१,०४,०१४।६२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.१२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १,०९,३१,९००/- खर्च भएको छ जुन आन्तरिक आयको ५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 68 प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १४ | | | **वित्तीय विवरण**<br>यस नगरपालिकाले आन्तरिक आम्दानीमा २०७८ आषाढ २० गते पछिका आम्दानीलार्इ वित्तीय विवरणमा समावेश गरेको छैन । आषाढ २० गते पछि आषाढ मसान्तसम्मको आम्दानीलार्इ यकिन गरी पालिकाको आर्थिक वर्ष २०७७/७८ को यथार्थ आय व्ययको विवरण तयार गर्नुपर्दछ । यस परशुराम नगरपालिकाको आन्तरिक आम्दानी रू. २,०५,९१,२३८/८६ मध्ये आन्तरिक राजस्व रू.१,६७,५९,२९२/८६ बाहेकको रू. ३८,९१,९४६/- विभाज्य कोषमा आम्दानी हुनुपर्नेमा रू.३५,५२,०००/- मात्र आम्दानी भएको वित्तीय विवरण पेश भएको छ । यसरी रू. २,७९,९४६/- वित्तीय विवरणमा समावेश नभएकोले पेश भएको वित्तीय विवरणले सही र यथार्थ चित्रण नगरेको रू.<br>***कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.२७९९४६।- मिति २०७९।१।१० मा फर्स्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो ।*** | |
| १५ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम१०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्नेक्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ।कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु. ५७,६५,४०७/- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडागरी राख्नुपर्नेमा राख्ने गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकामा आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखापरीक्षक हालसम्म नियुक्त भएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १७ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १७ पदमा २९ जना कर्मचारीहरु करारमा राखी रु. २००३१४७६।६३ खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४कोदफा ८३(८) वमोजिमपालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचेल गायतका पदमा मात्र करार वाट सेवालिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पदवाहेकको विभिन्न ८ पदमा ८३ जना करार नियुक्ति गरी बर्ष भरीमा रु. ११८३३०८७ भुक्तानी गरेको अनियमित देखएको रु.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ११८३३०८७।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| १८ | | | **कार्यालय सहयोगी छनौट खर्च**<br>सूदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७६ को नियम ३७(३) बमोजिम, सरकारी रकम भुक्तानी गर्दा खर्चको बिल भर्पाई अन्य प्रमाण सहित लेखा राख्नु पर्ने व्यबस्था छ । यस नगरपालिकाले परिक्षा समिति, निर्धारित बिधि, सूचना प्रकाशन, टिओआर बेगर भौ. न. ६४(२०७७।९।२) मा रु २९००० बैठक भत्ता बापत भुक्तानी गरेको तर वडाको सिफारिसमा मौखिक सोधपुछको आधारमा का.स नियुक्ति भएकोले सम्बन्धित बाट असुल उपर हुनु पर्ने रु. | २९,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **बेरोजगारको तथ्याङ्क संकलन खर्च**<br>नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तयार गरेको रोजगार संयोजकको पदपूर्ति र सेवा सुबिधा सम्बन्धी मापदण्ड, २०७६ को नियम १४(१)क अनुसार रोजगार संयोजकले स्थानिय तहभित्र रहेको बेरोजगार ब्यक्तिको तथ्याङ्क संकलन तथा बिश्लेषण गरी बेरोजगारको सूची अद्याबधिक गर्नुपर्ने ब्यबस्था छ । यस गाँउपालिकाले आ.ब २०७७/७८ रु १५ का दरले ५३४१ फर्म भरेको ८ जना अन्य कर्मचारीद्वारा तथ्याङ्क अद्याबधिक गराई कार्यालयको तर्फबाट रु. ८०,११५/- अतिरिक्त आर्थिक भार पारेकोले कर बाहेक असुल हुनुपर्ने रु.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुदामा रहेको रू ६८०७९।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| २० | | | **कल्याण कोष–**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१बमोजिम स्थानीय तहले स्थानीयसेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरीसो रकम बराबरले हुन आउने रकम थपगरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा शुन्य छैन ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐनकानूनको व्यवस्था भएको देखिएन । | |
| २१ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनुपर्दछ ।<br><br>वडा संख्या: १२ — वड सचिवको दरबन्दी: १२ — वडा सचिवको पदपूर्ति: ३ — रिक्त वडा सचिव: ९ काजमा पठाइएको | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १२ | १२ | ३ | ९ काजमा पठाइएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो।स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्नेकार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ। | |
| २३ | | | **सेवा प्रवाहको स्थिति**<br>सेवा प्रवाहको स्थिति: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ: | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १४३२ |
| मृत्युदर्ता | २६३ |
| बसाईसराई दर्ता | ४९० |
| विवाह दर्ता | ४८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्बन्धविच्छेद दर्ता | ० | | |
| | | | | **प'र्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | मि. | | |
| | | | | कालोपत्रे सडक मर्मत | 0 | | |
| | | | | ग्राभेल सडक निर्माण | कि.मि. | | |
| | | | | ग्राभेल सडक मर्मत | कि.मि. | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन। | | | | |
| २४ | | | **कार्यालय समयमा बैठक भत्ता भुक्तानी**<br>कार्यालय समयमा बैठक भत्ता भुक्तानी: सार्वजनिक खर्चमा मितव्ययीता र प्रभाबकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को दफा २५ बमोजिम सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन नहुने व्यबस्था छ । यस नगरपालिकाले निम्न बमोजिम स्यानिटरी प्याडको खरिद कार्यको लागि कार्यालय समयमा निम्न बमोजिमका पदाधिकारी संलग्न भई बैठक भत्ता भुक्तानी गरेकोले असुल उपर गर्नुपर्ने रु. कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ८८८२५।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | | | | |

| सि.न | पदाधिकारीको नाम | बैठक संख्या | खुद भुक्तानी |
|---|---|---|---|
| 1. | कलावती बोहरा | ४ | ५१०० |
| 2. | तारानाथ पनेरु | ४ | ५१०० |
| 3. | कृष्णदेब जोशी | ४ | ५१०० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 4. | तेज बहादुर सिंह | ४ | ५१०० | | |
| | | | | 5. | हरिना कामी | २ | २५५० | | |
| | | | | 6. | दूरा खाती | २ | २५५० | | |
| | | | | 7. | खगेश्वरी ढाँट | १ | १२७५ | | |
| | | | | 8. | बबिता थापा | २ | २५५० | | |
| | | | | 9. | लक्ष्मी बिष्ट | ४ | ५१०० | | |
| | | | | 10. | केहर सिंह बडैला | ४ | ५१०० | | |
| | | | | 11. | महेशराज भट्ट | ४ | ५१०० | | |
| | | | | 12. | धन बहादुर साउद | ४ | ५१०० | | |
| | | | | 13. | रबिन्द्र देउबा | २ | २५५० | | |
| | | | | 14. | हर्क बहादुर बोहरा | ४ | ५१०० | | |
| | | | | 15. | लाल बहादुर धामी | ३ | ३८२५ | | |
| | | | | 16. | देबराज जोशी | ३ | ३८२५ | | |
| | | | | 17. | रमेश अवस्थी | २ | २५५० | | |
| | | | | 18. | हरि थापा | ४ | ५१०० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>19.</td><td>हरिष ठगुन्ना</td><td>२</td><td>२५५०</td></tr><tr><td>20.</td><td>जितेन्द्र चौधरी</td><td>४</td><td>५१००</td></tr><tr><td>21.</td><td>द्रोपती भाट</td><td>३</td><td>३८२५</td></tr><tr><td>22.</td><td>गणेश बहादुर सिंह</td><td>२</td><td>२५५०</td></tr><tr><td>23.</td><td>गोबिन्दराज जोशी</td><td>३</td><td>३८२५</td></tr><tr><td colspan="3">**जम्मा**</td><td>**८८८२५**</td></tr></table> | |
| २५ | | | **खाना विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ मात्र रु. ९,२३,३०३ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २६ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रु. २६,३०,३२९/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**मापदण्ड वेगरअनुदान**

मापदण्ड वेगरअनुदान– स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनुपर्दछ । तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो । निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइने अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनुपर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>दृष्ट्रि फाउन्डेशन</td><td>अनाथ बालबालिकाको रेखदेख</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>नेपाल रेडक्रस सोसाइटि डडेल्धुरा शाखा</td><td></td><td>१०००००</td></tr>
<tr><td>३</td><td>सामाजिक बहुउद्देश्यी संस्था</td><td>उद्यम विकास तालिम</td><td>२३५०००</td></tr>
<tr><td>४</td><td>बहिरा सघ डडेल्धुरा</td><td></td><td>५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**बाख्रा सहकारीलाई गाई तथा गोरु खरिद**

संघीय सहकारी नियमावली, २०७५ को नियम ६(१) तथा सोही नियमावलीको अनुसूची-१ बमोजिम सहकारीको उद्देश्य, मूख्य कामहरु, कार्यक्षेत्र खोली सहकारी दर्ता हुने व्यबस्था रहेको छ । यस नगरपालिकाले मिति २०७७।९।१२ मा पूर्णागिरि बाख्रापालन सहकारी संस्था संग सम्झौता गरी ५०% लागत साझेदारीमा ५१ वटा गाई खरिद गरी गाई पकेट क्षेत्रमा हस्तान्तरण गरी भौचर नं ४८८(२०७८।३।२२) मा रु २११७००० भुक्तानी समेत गरेकोमा उद्देश्य बिपरीतको सहकारीलाई भुक्तानी गरेकोले नियमसम्मत नभएको भुक्तानी रु.

कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू २११७०००।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **अनलाईन तालिम**<br>अनलाईन तालिममा समेत तालिम सामाग्री र खाजा खाना बापतको भुक्तानी: सूदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७६ को नियम ३७(३) बमोजिम, सरकारी रकम भुक्तानी गर्दा खर्चको बिल भर्पाई अन्य प्रमाण सहित लेखा राख्नु पर्ने व्यबस्था छ । यस कार्यालयले भौ नं ४५७(२०७८।३।२४) मा रमेश बहादुर साउदको नाममा रु १,५०,०००/- पेश्की फछ्यौट गरी अनलाईन तालिम बापत निम्न बमोजिम खर्च लेखेकोले असुल उपर गर्नुपर्ने रु. कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ६९२००।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |

| **सि.न** | **खर्चको बिबरण** | **खर्च रकम** |
|---|---|---|
| 1. | फ्लेक्स ब्यानर | १५०० |
| 2. | डायरी र कलम | ८८३५ |
| 3. | पेन ड्राईब | १२००० |
| 4. | खाजा र खाना | ४६८४५ |
| जम्मा | | ६९२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३० | | | **भ्रमण भत्ता बढी भुक्तानी**<br>सूदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७६ को नियम ३७(३) बमोजिम, सरकारी रकम भुक्तानी गर्दा खर्चको बिल भर्पाई अन्य प्रमाण सहित लेखा राख्नु पर्ने व्यबस्था छ । यस नगरपालिकाले भौ.न ४५५(२०७८।३।२४) मा हिक्मत बहादुर धामीको भ्रमण आदेशमा भन्दा बढी १.५ दिनको रु १६०० को दरले बढी भुक्तानी भएको असुल उपर गर्नु पर्ने रु<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू २४००।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ३१ | | | **बिल भरपाई बेगर भुक्तानी**<br>सूदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७६ को नियम ३७(३) बमोजिम, सरकारी रकम भुक्तानी गर्दा खर्चको बिल भर्पाई अन्य प्रमाण सहित लेखा राख्नु पर्ने व्यबस्था छ । यस नगरपालिकाले नगरपालिका चालु तर्फ भौ.न. १८(२०७७।१२।०५) बाट पशुपति आ.बि, ज्यामिरखालीलाई शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत रु. १०००००/- भुक्तानी दिदा बिल भरपाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू १०००००।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **प्राबिधिक पुष्ट्याई बेगर भुक्तानी**<br>सार्वजनिक खरिद नियमावलीको नियम, १२५ अनुसार अन्तिम भुक्तानी दिदा प्राबिधिक पुष्ट्याई सहित कार्यालयको तर्फबाट कार्य स्विकार गरेपछि मात्र भुक्तानी दिनु पर्ने व्यबस्था रहेको छ । यस नगरपालिकाले भौ.न ४९७(२०७८।३।२९) बाट सुदूरपश्चिम सोलार कम्पनी प्रा.लि लाई सडक बत्ती जडान गरेबापतको रु. ३,७४,६००/- भुक्तानी गर्दा प्राबिधिक नाप जाँच तथा पुष्ट्याई बेगर भुक्तानी गरेकोले नियमसम्मत नभएको भुक्तानी रु.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ३७४६००।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ३३ | | | **बिद्युत महसुलमा मितब्ययीता**<br>सार्वजनिक खर्चमा मितव्ययीता र प्रभाबकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को दफा १० बमोजिम पानी, बत्ति, सञ्चार, घरभाडा लगायतमा मितव्ययीता अपनाई किफायती ढंगले उपयोग गर्नु पर्ने वयबस्था छ । यस नगरपालिका मातहतको जोगबुढा अस्पतालले भौ न. ३५४(२०७८।३।२) मा बिद्युत महसुल भुक्तानी गर्दा रु ४०२२०.०३ जरीवाना बापत भुक्तानी गरेकोले नियमसम्मत नभएको भुक्तानी रु.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ४०२२०·०३मिती २०७९।१।१९ मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ३४ | | | **कर तथा शुल्क असुली**<br>कर तथा शुल्क असुली – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पती कर | २०,००,००० | १४,३९,१४७.२२ | 71.96 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भुमिकर/मालपोत | १५,००,००० | ० | 0 | |
| | | | | घरवहालकर | १५,००,००० | २१,०३,४६८.४२ | 140.23 | |
| | | | | अन्यकर | १,००,००० | १,३०,३८० | 130.38 | |
| | | | | नक्सापासदस्तुर | २,००,००० | ३४,४९३ | 17.25 | |
| | | | | सिफारिशदस्तुर | १५,००,००० | २६,८५,९९६.९७ | 179.07 | |
| | | | | व्यक्तिगतघटना दर्ता दस्तुर | २,००,००० | ६७,५४० | 33.77 | |
| | | | | अन्यदस्तुर | १६,६७,८९८ | १७,५९,४४९.६५ | 105.49 | |
| | | | | अन्यक्षेत्रको आय | २,५८,५९,०००.२० | १,२२,५८० | 0.47 | |
| | | | | धरौटीसदरस्याहा | १,०१,००० | ८४,३१४ | 83.48 | |
| | | | | व्यवसायकर | ४,००,००० | १२,३७,२६५ | 309.32 | |
| | | | | बेरूजू | १,००,००० | ० | 0 | |
| | | | | | 35127898 | 9664634.26 | 27.51 | |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **गिट्टी, ढुंगा, बालुवाको कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ८ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७७ को दफा ८(३) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु. ८८,८०,०००/- राजस्व प्राप्त गरेकोमा सम्पुर्ण रकम स्थानिय संचितकोषमा जम्मा गरेको छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ३६ | | | **बिजक बेगर भुक्तानी**<br>सूदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७६ को नियम ३७(३) बमोजिम, सरकारी रकम भुक्तानी गर्दा खर्चको बिल भर्पाई अन्य प्रमाण सहित लेखा राख्नु पर्ने व्यबस्था छ । यस नगरपालिकाले भौ.न ५००(२०७८।३।२९) मा बिजक बेगर बिद्युतको रु ९८०० भुक्तानी गरेको देखिएकोले बिजक पेश गर्नुपर्ने रु. कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ९८००।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **आयकर दाखिला छुट भएको**<br>सूदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७६ को नियम ३७(३) बमोजिम, सरकारी रकम भुक्तानी गर्दा खर्चको बिल भर्पाई अन्य प्रमाण सहित लेखा राख्नु पर्ने व्यबस्था छ । नगरपालिका आन्तरिक तर्फको भौ नं ३५५(२०७८।२।३०) मा हिक्मत बहादुर धामीले पेश्की फछ्यौट गर्दा रु. २,५५०/- राजश्व दाखिला गर्नु पर्नेमा रु २२५ मात्र दाखिला गरेकोले बाँकी दाखिला गर्नु पर्ने रु. कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू २३२५।–मिती २०७९।१।१० मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ३८ | | | **कर दाखिला छुटेको:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२) क बमोजिम रु २० हजार सम्म मू.अ कर बिजक बेगर कारोबार गर्न सकिने भए पनि सो भन्दा माथिको कारोबारमा मू.अ कर बिजक अनिवार्य रहेकोमा यस नगरपालिकाले भौ.न ३१८(२०७८।२।२३) मा शिध्दनाथ मा.बि चन्दनीको भुक्तानी गर्दा मालिकार्जुन स्टेशनरी (६०३४४३४१५) लाई रु ५०,०००/- भुक्तानी गर्दा ३.६% मात्र कर कट्टी गरेकोले दाखिला गर्नु पर्ने बाँकी ११.४% ले रु. | ५,७०० |
| ३९ | | | **अग्रिम कर कट्टी**<br>अग्रिम कर कट्टी:( नगरपालिका चालु तर्फ) आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार पटके आम्दानीमा १५% कर कट्टी गर्नु पर्ने व्यबस्था छ । यस नगरपालिकाले प्रधानअध्यापक तथा नगरपालिका पदाधिकारी बैठकको आयोजना गरी भौ.न ४०३(२०७७।१२।०५) मा कट्टा गरेको कर दाखिला छुटेको रु ३०४५ र ६३ जना प्र.अ हरुलाई जनही रु १००० को दरले बैठक भत्ताको भरपाही बनाई परिबहन भत्ता भनी भुक्तानी गरेको रु ६३००० को १५% ले रु ९४५० सहित कर दाखिला गर्नुपर्ने रु.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको पदाधिकारी वैठकको कर रू ३०४५।–मिती २०७९।१।१९ मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | ६,४०५ |
| ४० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रको योजनामा टुल्सको ३% भुक्तानी**<br>प्रधानमन्त्री रोजगार कार्यक्रको योजनामा टुल्सको ३% भुक्तानी: आ.ब २०७७।७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दा श्रमिकलाई रु. ५१७ को दरले भुक्तानी गर्दा टुल्स बापतको रकम नजोडी बिशुध्द ज्याला मात्र भुक्तानी गर्नु पर्ने व्यबस्था रहेकोमा यस नगरपालिकाले योजनाहरु संचालन गर्दा देहायका आयोजनाहरुमा रेट एनालाईसिसमा टुल्स बापतको ३% जोडेर भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु 847299.5 लाई नियमसम्मत मान्ने आधार नभएको रु. | |

| | Projects Name | Quantity | Rate | Amount |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | क्र.स | | (cum.) | | (Rs.) | |
| | | | 1. | l;2fyfg b]lv k'Gt'/f ;Ddsf] 3fl8 ;8s dd{t | 796.05 | 10.85 | 8637.1425 | |
| | | | 2. | j8f sfof{no leqsf] emfl8km8flg, lkmN8 ;/;kmfO tyf dd{t | 33.5 | 10.85 | 363.475 | |
| | | | 3. | ;x/uf}8f b]lv s/fln ;Dd ;8s dd{t tyf ;/;kmfO{ | 482.88 | 10.85 | 5239.248 | |
| | | | 4. | dNnf] s'ofkflg sHh8 hkmlt x6jflg ;t3f6 ;]n]u8f ;8s dd{t | 120.81 | 10.85 | 1310.7885 | |
